आज मिति २०८२ साल कार्तिक १७ गते सोमबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ५३ (त्रिपन्नऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ —

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा —

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान —

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ —

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ —

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार —

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली —

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

**निर्णयार्थ पेश भएका विषयहरु:**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. श्रोत सुनिश्चितता सम्बन्धमा।
३. आर्थिक सहयोग सम्बन्धमा।
४. संस्था दर्ता सम्बन्धमा।
५. नमोबुद्ध परिसरमा लाग्ने कार्तिक पुर्णिमा मेला व्यवस्थापन सम्बन्धमा।
६. अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।
७. झोलुङ्गे पुल निर्माणका सम्बन्धमा।
८. नयाँ झोलुङ्गे पुल माग सम्बन्धमा।
९. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।
१०. विशेष अनुदान सम्बन्धमा।
११. असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा।
१२. विविध।

**निर्णयहरु:**

**निर्णय नम्बर १:**

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकारबाट समपुरक अनुदान शिर्षकमा विनियोजन भएको नमोबुद्ध नगरपालिकाको संयुक्त साझेदारीमा संचालन हुने वडा नम्बर ०७ स्थित नौबिसे पुजारी टापु, साउनेडाँडा वडा कार्यालय सडक (नविन प्रा.वि., खनालथोक स्वास्थ्यचौकी र जनहित माध्यमिक विद्यालयलाई वडा केन्द्रसम्म जोड्ने) र बागमती प्रदेश सरकारबाट समपुरक अनुदान शिर्षकमा विनियोजन भएको नमोबुद्ध नगरपालिकाको संयुक्त साझेदारीमा संचालन हुने वडा नम्बर ०२ स्थित २ नम्बर वडा कार्यालय सालथुम्की सडक, वडा नम्बर ०३ स्थित २० किलो दाहालचौर सडक, वडा नम्बर ०६ स्थित २६ किलो हुँदै कुलायनथान सडक निर्माण कार्यका लागि सम्बन्धित निकायबाट प्राप्त भएको रकम बाहेक लागत अनुमानमा उल्लेख भएको रकम आर्थिक वर्ष २०८२/०८३ को लागि दोश्रो नगर सभाको सातौं अधिवेशनबाट स्वीकृत भएको वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख भएको विभिन्न सरकारी निकाय संघसंस्था साझेदारी कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटबाट श्रोत सुनिश्चितता गरी नियमानुसार थप प्रकृया अगाडी बढाउने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ निवासी श्री मुरली तामाङको छोरा विजय तामाङको मिति २०८२/०३/२४ गते भएको दुर्घटनामा परी मृत्यु भएको र निजको परिवार आर्थिक रुपमा विपन्न रहेको भनि ०२ नम्बर वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. २२९, मिति २०८२/०५/१६ गतेको सिफारिस र नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ निवासी श्री तेज बहादुर तामाङको छोरा पासाङ तामाङको मिति २०८२/०३/२४ गते भएको दुर्घटनामा परी मृत्यु भएको र निजको परिवार आर्थिक रुपमा विपन्न रहेको भनि ०२ नम्बर वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. २३०, मिति २०८२/०५/१६ गतेको सिफारिसका आधारमा निज मृतकका परिवारलाई प्रति परिवार रकम रु. १ लाखका दरले किरिया खर्चका लागि आर्थिक सहायता गर्ने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिका ०९ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८२/०८३, च.नं. ३६५, मिति २०८२/०७/११ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको संस्था दर्ता सम्बन्धी ऐन, २०७७ बमोजिम श्री श्रीकृष्ण जात्रा व्यवस्थापन समिति, नमोबुद्ध दाप्चा छत्रेबाँझ नियमानुसार दर्ता गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिका वडा नम्बर १ र ११ मा अवस्थित धार्मिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, पर्यटकीय एवं वातावरणीय महत्व बोकेको विश्व प्रसिद्ध तथा प्राचिन श्री नमोबुद्ध चैत्य परिसरमा कार्तिक पुर्णिमाको अवसरमा मिति २०८२ कार्तिक १८, १९ र २० गतेका दिन लाग्ने कार्तिक पुर्णिमा मेलाको सम्पूर्ण व्यवस्थापन र व्यवस्थापनका लागि लाग्ने खर्च नगरपालिकाले गर्ने। कार्तिक पुर्णिमा मेलाको अवसरमा व्यापार व्यवसाय गर्न आएका व्यवसायीहरुलाई नियमानुसार व्यवसाय शुल्क नगरपालिकाले उठाउने साथै मेला व्यवस्थापनका सम्बन्धमा मिति २०८२/०७/१२ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको सरोकारवाला निकायसँग भएको बैठकको निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नम्बर ६:

नमोबुद्ध नगरपालिकामा प्रदेश लोक सेवा आयोग लगायतका निकायबाट नियमानुसार सिफारिस भई आएका कर्मचारीहरुको नियुक्ति साथै राजिनामा स्वीकृतका सम्बन्धमा तत्काल कार्यपालिका बैठक नबस्ने अवस्था रहेको खण्डमा नियुक्ति तथा राजिनामा स्वीकृत गर्ने अधिकार सो पश्चात बस्ने कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी नगर प्रमुखलाई प्रत्यायोजन गर्ने।

**निर्णय नम्बर ७:**

मिति २०८१ साल असोज १० गते देखि परेको अविरल वर्षाको कारण रोशी खोलामा आएको बाढीले नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०८ स्थित पिपलटार देखि रोशी गाउँपालिका वडा नम्बर ०३ स्थित सुँगुरेडाँडा जोड्ने पुल समेत बगाएको हुँदा सो पुल प्रयोग गर्दै डाँडापारी सम्म आवतजावत गर्ने नागरिकहरु प्रत्यक्ष रुपमा प्रभावित भएको र सो सम्बन्धमा नगर कार्यपालिका बैठकबाट निर्णय भई पत्राचार गरिएको र सो पुल तत्काल निर्माण गर्न स्थानीय नागरिकहरुले पटक पटक अनुरोध गरिरहेको हुँदा यथाशीघ्र निर्माण प्रकृया अगाडी बढाईदिनुहुन श्री सस्पेन्सन बृज डिभिजन, श्रीमहल, पुल्चोक, ललितपुर लगायतका निकायमा पुनः अनुरोध गर्ने।

**निर्णय नम्बर ८:**

नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखा, श्रीमहल, पुल्चोक, ललितपुरको प.सं. २०८२/०८२, च.नं. झो.पु./१५२, मिति २०८२/०६/२७ गतेको झोलुङ्गेपुल माग सम्बन्धमा प्राप्त पत्रानुसार यस नगरपालिका भित्र विभिन्न समयमा आएको बाढी पहिरोले क्षति गरेका र स्थानीय नागरिकहरुका मागका साथै अतिआवश्यक रहेका तपसिल बमोजिमका स्थानहरुमा झोलुङ्गेपुल माग गर्ने।

तपसिलः

१. नमोबुद्ध नगरपालिका नम्बर ०६ स्थित सर्वजगर खाक्सी देखि रोशी गाउँपालिका वडा ०३ स्थित सियाले जोड्ने झोलुङ्गे पुल।
२. नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ स्थित कल्लेरी डाँडा देखि रोशी गाउँपालिका वडा नम्बर ०१ साउरेटार जोड्ने झोलुङ्गे पुल।
३. नमोबुद्ध नगरपालिका वडा नम्बर ११ स्थित चिण्डे देखि पनौती नगरपालिका ११ स्थित फ्याङ्ग खोला जोड्ने झोलुङ्गे पुल।

**निर्णय नम्बर ९:**

नमोबुद्ध नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २. को उपदफा (३) बमोजिम पेश हुन आएका श्री जमान सिं लामा प्रोपाइटर रहेको काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थायी ठेगाना भएको श्री जे. एस. लामा कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई ईजाजतपत्र प्रदान गर्ने।

निर्णय प्रमाणित

**निर्णय नम्बर १०:**

आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सरकार विशेष अनुदान अन्तर्गत स्वास्थ्य संस्था सुदृधिकरण कार्यक्रम शिर्षकमा विनियोजन भएको रकम रु. १,६५,००,००० लाई तपसिल बमोजिम कार्यान्वयन गर्ने।

तपसिलः

| सि.नं | स्वास्थ्य संस्था | वडा नं | कार्य |
|---|---|---|---|
| १ | श्यामपाटी सिमलचौर स्वास्थ्य चौकी | १ | भवन तथा शौचालय मर्मत |
| २ | लकाईने आधारभूत स्वास्थ्य सेवा केन्द्र | २ | वाल तथा तारजाली |
| ३ | भिंडाबारी आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३ | कम्पाउण्ड निर्माण |
| ४ | मेथिनकोट आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४ | शौचालय निर्माण |
| ५ | कानपुर स्वास्थ्य चौकी | ५ | छतमा ट्रष्ट निर्माण तथा शौचालय निर्माण |
| ६ | डराउनेपोखरी स्वास्थ्य चौकी | ८ | छतमा ट्रष्ट निर्माण |
| ७ | दाप्चा स्वास्थ्य चौकी (प्रस्ताबित नगर अस्पताल) | ९ | भवन मर्मत तथा छतमा ट्रष्ट निर्माण<br>आवश्यक ल्याब सामाग्री खरीद<br>वर्थिङ सेन्टरको लागि आवश्यक सामाग्री खरीद |
| ८ | पुरानोगाँउ स्वास्थ्य चौकी | १० | छतमा ट्रष्ट निर्माण |
| ९ | कुरुगाँउ आधारभूत स्वास्थ्य सेवा केन्द्र | ११ | बर्षातले क्षति भएको आँगनमा वाल निर्माण |
| १० | स्वास्थ्य शाखा | | - औषधी भण्डार( स्टोर) निर्माण<br>-भ्याक्सिन भण्डारको लागि Ice Lined Refrigenerator (I.L.R.): -1, Refrigenerator : 2 |

**निर्णय नम्बर ११:**

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०१ स्थित मथुरापाटि फुलबारी स्वास्थ्य चौकीमा कार्यरत सी.अ.हे.ब. (पाँचौं) कर्मचारी संकेत नम्बर २२९५८१ श्री डिल माया थापाले मिति २०८२/०७/१७ गते दिनु भएको निवेदनका आधारमा मिति २०८२/०८/१९ देखि २०८३/०८/१९ गतेसम्म बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६३ बमोजिम निजको असाधारण बिदा स्वीकृत गर्ने।

निर्णय प्रमाणित